# स्थानीय राजपत्र

**दोर्दी गाउँपालिका द्वारा प्रकाशित**

**खण्ड ३, संख्या १ , जेठ २५ गते, २०७७ साल**


**स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी दोर्दी गाउँ कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

# भाग २

## आयोजना व्यवस्थापन सेवा (कन्टेन्जेन्सी) खर्चसम्बन्धि मापदण्ड , २०७५

१. कुल आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास र वातावरण तथा विपद् व्यवस्थापना तथा अन्य पुँजिगत खर्च शिर्षकमा छुट्याईएको आन्तरिक र वित्तिय समानीकरण अनुदान अन्तर्गतको बजेटको ४% रकम आयोजना व्यवस्था सेवा (Contingency) खर्चको लागि छुट्याउने।

२. कूल आयोजना व्यवस्थापन खर्च मध्ये ६०% रकम पुंजीगत खर्च शिर्षकमा खर्च गरिनेछ । यस अन्तर्गतको रकम आयोजना व्यवस्थापनको लागि चाहिने अत्यावश्यक सवारी साधन, गुणस्तर परिक्षणको लागि प्रयोगशाला स्थापना लगायतको पुँजीगत प्रकृतिको कार्य गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाको निणर्य अनुसार खर्च गरिनेछ।

३. कुल आयोजना व्यवस्थापन खर्च शिर्षकमा खर्च मध्ये ३०% रकम चालू खर्च शिर्षकमा खर्च गरिनेछ । यस अन्तर्गतको रकम कर संकलन ,आयोजना संचालन एवं व्यवस्थापनको लागि करार सेवामा खटाईने कर्मचारीको सेवा सुविधा, अनुगमनको लागि आयोजना स्थलमा खटिने कर्मचारी र पदाधिकारीअरुको सुविधा (भिल्ड भत्ता ,प्रोत्साहन भत्ता ,उपभोक्ता समिति परिचालन तथा अभिमुखिकरण खर्च, उपभोक्ता समितिकव प्रशासनिक तथा प्राविधिक सेवा खर्च,आयोजना अनुगमन, मूल्याङकन, जाँचपास तथा प्रतिवेदनसम्बन्धि खर्च, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, गुनासो व्यवस्थापन,आयोजना अभिलेख व्यवस्थापन,योजना खाता,रजिष्टर सम्बन्धि खर्च इत्यादी) लगायतको चालू प्रकृतिको कार्यमा खर्च गरिनेछ ।

४. बाँकी १०% रकम प्राकृतिक प्रकोप स्थानीय सहमयता कोषमा जम्मा गरी प्रकृतिक प्रकोप पिडितलाई मापदण्ड अनुसार राहात उपलब्ध गराईनेछ ।

आज्ञाले,
मितिः २०७७/०२/२५
शम्सेर गुरुङ
प्रमुख प्रशासकिय अधिकृत